REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs    Date: 13.07.2026

Bhanu Jayanti: DD Dulal/Vishnu Neupane/Ajay Thami/Madhu Sharma

आदिकवि भानुभक्त आचार्यको २१२ औँ जन्मजयन्ती “भाषा हाम्रो सभ्यता: भेषभूषा हाम्रो संस्कृति” भन्ने मूल नारासहित गान्तोकमा श्रद्धा र उत्साहका साथ मनाइयो। भानु उद्यानमा आयोजित पूर्वार्द्ध कार्यक्रममा राज्यपाल ओम प्रकाश माथुरले आदिकविको प्रतिमामा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गर्नुभयो। कतारका पूर्व अमिर शेख हमद बिन खलिफा अल-थानीको निधनप्रति भारत सरकारले घोषणा गरेको राष्ट्रिय शोकका कारण कार्यक्रम सादगीपूर्ण रूपमा सम्पन्न गरियो। त्यसपछि मन्त्री अरुण कुमार उप्रेतीको नेतृत्वमा भानु उद्यानदेखि मनन केन्द्रसम्म शोभायात्रा निकालियो। मनन केन्द्रमा आयोजित मुख्य समारोहमा स्वागत मन्तव्य, रामायण पाठ, कविता वाचन तथा सांस्कृतिक प्रस्तुति सम्पन्न भयो। भाषा, साहित्य, पत्रकारिता, कला र संस्कृतिमा योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई ‘सेवाश्री सम्मान’ प्रदान गरियो भने न◌िम दोर्जी लेप्चा र टाशी भोटियालाई ‘भाषा गौरव सम्मान’ तथा वरिष्ठ साहित्यकार सुकराज सुब्बा ‘खजुम’-लाई ‘भानु पुरस्कार–२०२६’ प्रदान गरियो। स्मारिका लोकार्पण, पुरस्कार वितरण र प्रमुख अतिथिको सम्बोधनसँगै कार्यक्रम सम्पन्न भयो। त्यसैगरी, सोरेङको जौन्टारमा २१२ औँ राष्ट्रियस्तरको भानु जयन्ती समारोह आयोजना गरियो। कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा भेलालाई सम्बोधन गर्दै, मुख्यमन्त्रीले भानु जयन्ती केवल एक महान कविको जन्मजयन्तीको सम्झना मात्र नभई, यो नेपाली भाषा, साहित्य, संस्कृति र हाम्रो साझा पहिचानको उत्सव हो भन्नुभयो। अनि पाकिम र गेजिङ जिल्लामा पनि भानु जयन्ती भव्य रूपमा मनाइयो।

Tourism Department-ITF Kolkata: IPR

सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागले TTF कोलकाता २०२६ मा आफ्नो सहभागिता सफलतापूर्वक सम्पन्न गऱ्यो। राज्यले तीनदिने यात्रा तथा पर्यटन प्रदर्शनी-मा उल्लेखनीय प्रभाव पाऱ्यो। सिक्किम मण्डपले पर्यटक, यात्रा व्यावसाय पेशेवर र उद्योग हितधारकहरूबाट अत्यधिक प्रतिक्रिया प्राप्त गऱ्यो, जसले गर्दा देश प्रमुख पर्यटन गन्तव्यहरूमध्ये एक गन्तव्यक◌ा रूपमा सिक्किमको बढ्दो प्रतिष्ठाको पुन: पुष्टि भएको छ। कार्यक्रमको उत्कृष्ट आकर्षण भनेको सिक्किम पर्यटनलाई TTF उत्कृष्टता पुरस्कार - समूह सहभागिता पुरस्कार प्राप्त हुनु थियो। यस प्रतिष्ठित पुरस्कारले राज्यक◌ा विविध पर्यटन प्रस्तावहरू र अद्वितीय अनुभवहरू प्रदर्शन गर्ने दिशामा सिक्किमको पर्यटन समुदायको प्रतिबद्धता, व्यावसायिकता र सहयोगी प्रयासहरूलाई प्रतिबिम्बित गर्दछ।

Pakyong-SIR: IPR

मतदाता नामावली संशोधन प्रक्रियालाई सहज बनाउन पाकिम जिल्ला अन्तर्गतका पाँचै विधानसभा निर्वाचन क्षेत्रका जिल्ला निर्वाचन अधिकारी DEO र सहायक निर्वाचन दर्ता अधिकारीहरू, AERO हरू नियुक्त गरिएका छन्। विशेष गहन संशोधन, SIR २०२६ अन्तर्गत दाबी र आपत्तिहरूको अवधि हाल पाकिम जिल्लामा चलिरहेको छ। नागरिकहरूलाई निर्धारित समयसीमा भित्र आफ्ना निर्वाचन विवरणहरू प्रमाणित गर्न अनि दाबी वा आपत्तिहरू पेश गर्न प्रोत्साहित गरिएको छ। प्रत्येक योग्य मतदाता महत्त्वपूर्ण भएकाले, आफ्नो नाम समावेश गरिएको छ कि छैन र आफ्ना विवरणहरू अपडेट छन् कि छैनन् भनी सुनिश्चित गर्न सबैलाई अनुरोध गरिएको छ।

Minister Buildings & Housing: IPR

याङथाङ निर्वाचन क्षेत्रका क्षेत्र विधायक भीम हाङ लिम्बूले गेजिङको क्योङ्शा मैदानमा सिन्थेटिक टर्फको निर्माण कार्यको निरीक्षण गर्नुभयो। निरीक्षणका क्रममा उहाँले परियोजनाको प्रगतिको समीक्षा गर्नका साथै निर्धारित समयसीमाभित्र गुणस्तरीय काम पूरा गर्न जोड दिनुभयो। सिन्थेटिक टर्फले युवाहरूका लागि उन्नत खेल पूर्वाधार प्रदान गर्ने र यस क्षेत्रमा खेलकुद गतिविधिहरूलाई प्रवर्धन गर्नमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ, जसले गर्दा निर्वाचन क्षेत्रको समग्र विकासमा योगदान पुग्नेछ।

Mangan-Sikkim Paryavaran Parva: IPR

"हरियो विरासत छोडी राख्नुहोस्" विषय अन्तर्गत सिक्किम पर्यावरण पर्व २०२६ को निरन्तर पालनाको एक भागक ा रूपमा, वन तथा वातावरण विभागको मङ्गन क्षेत्रीय डिभिजनले आज थिङचिममा एभिन्यू बिरूवारोपण अभियानसहित तेह्रौ ँ दिनमा वातावरणीय पहलहरूको श्रृङ्खलालाई निरन्तरता दियो। य ो अभियान क्षेत्रको हरियाली बढाउन, स्थानीय परिदृश्य सुधार्न र पारिस्थितिक सन्तुलनमा योगदान पुऱ्याउन सडकछेउ एभिन्यू बिरुवा रोप्ने कार्यमा केन्द्रित थियो। यस पहलको उद्देश्य जलवायु परिवर्तनलाई कम गर्न, जैविक विविधताको संरक्षण गर्न र भावी पुस्ताक ा लागि स्वस्थ वातावरण सुनिश्चित गर्नका लागि बिरूवारोपणको महत्त्वबारे जागरूकता प्रवर्धन गर्नु पनि रहेको थियो।

आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।